# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड :७ संख्या :३ २०८० कार्तिक २२

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

छायाँनाथ रारा नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८०

**व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,**

**२०८०**

प्रमाणित मिति

२०७९/०९/१८

प्रथम संशोधन २०८०/७/२२

सम्वत् २०८० सालको कार्यविधि नं. ११

<u>व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कानूनलाई संशोधन गर्न बनेको कार्यविधि</u>

✍**<u>प्रस्तावनाः</u>** छायाँनाथ रारा नगरपालिका भित्र संचालित एवम् संचालन हुने व्यवसायिक गतिविधि गतिविधिलाई कानूनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत नगरपालिकाको आन्तरिक आम्दानीलाई समेत बृद्धि गर्न, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन गरी उपभोक्ता हित संरक्षण गर्न साथै उद्योग, कृषि, पशुपन्छी जन्य वस्तहुरूको उत्पादन वृद्धि, बजारीकरण, व्यवसायीकरणको माध्यमबाट आर्थिक विकास र समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि जारी गिरएको छ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** ✍(१) यो कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" हुनेछ।

✍(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन पछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यर कार्यविधिमाः-

(क) **"कार्यालय भन्नाले "** छायाँनाथ रारा नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) **"वडा कार्यालय"** भन्नाले छायाँनाथ रारा नगरपालिका भित्रका १४ वटा वडा कार्यालय सम्झनु पर्छ।

(ग) **"प्रमुख प्रशासकीक अधिकृत"** भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकीय अधकृतलाई सम्झनु पर्छ।

✍ पहिलो संशोधनबाट संशोधित

(घ) **“व्यवसाय”** भन्नाले मुनाफा कमाउने उद्धेश्यले दफा ४ बमोजिम विषयगत क्षेत्रका आर्थिक क्रियाकलापहरु सम्झनु पर्छ।

(ङ) **“व्यवसायी”** भन्नाले छायाँनाथ रारा नगरपालिकाको क्षेत्र भित्र व्यवसाय गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।

(च) **"कर"** नगरपालिकासँग सम्बनधीत प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसायमा पूजिगत लगानी, आर्थिक कारोबार क्षेत्रगत एवम् व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायलाई सम्झिनु पर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप, शुल्क, कर, दर्ता, जरिवाना समेतलाई सम्झनु पर्छ।

(छ) **"कर दाता"** भन्नाले दफा ४ बमोजिम कर तिर्नु पर्ने कर्तब्य भएका ब्यक्ति फर्म वा संघ संस्थालाई सम्झनु पर्छ।

(ज) **“क्षेत्र”** यस छायाँनाथ रारा नगरपालिका भित्रका व्यवसायलाई सम्झनु पर्छ।

३. **<u>व्यवसाय दर्ता तथा मापदण्डः</u>** (१) नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्छ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि लागु हुनु भन्दा अघि स्थापना भई संचालनमा आएका व्यवसाय यस कार्यविधि बमोजिम दर्ता गर्नु पर्छ।

(३) व्यवसाय दर्ता सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

४. **<u>व्यवसायका विषयगत क्षेत्र:</u>** (१) विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्छ-

(क) दैनिक उपभोग्य सामाग्रीहरु, खाद्यन्न, थोक तथा खुद्रा पसल,

(ख) होटल व्यवसाय,

(ग) कृषि तथा पशुपन्छी फर्मा,

(घ) नर्सरी फर्म,

(ङ) औषधी पसल/एग्रोभेट,

(च) बधशाला /मासु पसल,

(छ) कानुन व्यवसाय,

(ज) अनुसन्धान परामर्श सेवा,

(झ) ड्राइभिङ्ग ईन्सिच्युट,

(ञ) हेयर कटिङ्ग,

(ट) ट्युसन सेन्टर,

(ठ) स्टेशनरी,

(ड) प्रिन्टिङ्ग प्रेस,

(ढ) अन्य (नाफा कमाउने उद्येश्यले संचालन गरेका व्यवसायहरु) ।

## परिच्छेद-२

## व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था

५. **व्यवसाय दर्ता गर्नु पर्ने:** (१) व्यवसाय संचालन गर्दा अनिवार्य दर्ता गर्नु पर्ने हुन्छ।

६. **दर्ताका लागी आवश्यक कागजात तथा प्रमाणपत्र:** (१) व्यवसाय दर्ताको लागी व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची-१ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन पेश गर्नु पर्छ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,

✐(ख) व्यवसाय संचालकको दुई प्रति फोटो,

✐(ग) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तिमा दश वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात,

(घ) स्थानीय उद्योग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागी आवश्यकता अनुसार मात्र),

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले त्यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिम बार्षिक कर एवम् अन्य दस्तुरहरु लिइ दर्ता गर्नेछ। नगर सभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता गर्ने व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ।

(३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भए पछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्छ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै ब्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा ब्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनुपर्नेछ। तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ट तिरी विभिन्न स्थानमा सचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाण पत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यो उपदफाले बाधा पुर्याएको मानिने छैन।

७. **व्यवसाय नवीकरण सम्बन्धी व्यवस्था:** ✐(१) दफा ६ बमोजिम दर्ता भएको व्यवसाय यो कार्यविधि लागु भएको आर्थिक वर्ष बाहेक प्रत्येक आर्थिक वर्ष शुरु भएको तिन महिना भित्र बार्षिक कर अग्रिम रुपमा तिरि प्रत्येक आर्थिक वर्षको लागी व्यवसाय नविकरण गर्नुपर्छ। व्यवसाय नविकरणका लागी व्यवसायिले देहायका कागजातहरु सहित अनुसूचि-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ।

✐ पहिलो संशोधनबाट संशोधित

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(ख) व्यवसाय संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि,

✍(घ) व्यवसाम सञ्चालन हुने/ भएको स्थानको दुई प्रति फोटो,

(ङ) स्थानीय उद्योग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र),

(च) सम्बन्धित वडाको सिफारिसको कागजात,

८. **<u>व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था:</u>** (१) व्यवसाय दर्ता, नविकरण सम्बन्धी शुल्क, दस्तुर छायाँनाथ रारा नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रत्येक आ.व मा व्यवसाय दर्ता, नविकरण राजश्व शुल्क, दस्तुर नगरपालिकाले पुनरावलोकन गर्न सक्नेछ।

९. **<u>दर्ता प्रमाणपत्रको प्रतिलिपि दिन सकिने:</u>** व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, जलेमा, वा कुनै कारणले नष्ट भएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाण पत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयको अभिलेखानुसार प्रतिलिपि दस्तुर लिइ नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ।

## परिच्छेद-३

## <u>अनुगमन तथा कारवाही</u>

१०. **<u>मूल्य सूचि सम्बन्धी व्यवस्था:</u>** (१) व्यवसायले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट देख्ने गरी मूल्य सूचि राख्नु पर्छ।

११. **<u>व्यवसाय अनुगमन सम्बन्धी व्यवस्था:</u>** (१) यस नगरपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन छायाँना रारा नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (कार्यविधि), २०७५ बमोजिम नियमित अनुगमन गरिनेछ।

१२. **<u>व्यवसाय दर्ता खारेज गर्न सकिने:</u>** (१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय संचालनमै रहेको मानी कर निर्धारण गरी कर अशुल उपर गरिनेछ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मनासिव कारण खोली व्यवसायितले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्छ।

✍ पहिलो संशोधनबाट संशोधित

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागी नगरपालिकामा सिफारिस सहित पठाउनु पर्छ। नगरपालिकाले कागजात अध्ययन गरी लगत कट्टा वापत लिइने सेवा शुल्क समेत अशुल गरी लगत कट्टा गरि दिनु पर्छ।

(५) प्रचलित कानून बिपरित कारोबार गरेमा वा पेशा व्यवसाय सञ्चालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलङ्घन गरेमा कार्यालयले व्यवसाय दर्ता खारेजी गरी बाँकी बक्यौदा कर तथा जरिवाना सरकारी बाँकी सरह अशुल गर्नु पर्छ।

(६) यस कार्षविधिमा जुनसुकै कुरा लेखिएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नुपुर्व व्यवसायिलाइ सफाइ पेश गर्ने प्रयाप्त मौका दिनु पर्छ।

(७) यस दफा अन्तर्गतको उपदफा (५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध व्यवसायिको नाम नगरपालिकामा तिन वर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ। साथै त्यस्ता व्यवसायिको विवरण सार्वजनिक गरिनेछ।

१३. ✍**<u>कारवाही तथा जरिवाना सम्बन्धी व्यवस्था:</u>** (१) कार्यविधिले तोकिएको समय भित्र कर नबुझाएमा, कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागी सम्बन्धित आर्थिक बर्षको अन्त सम्मको लागी लाग्ने करमा पचास प्रतिशत जरिवाना लिई अशुल उपर गरिनेछ।

✍(२) एक आर्थिक वर्ष समाप्त भए पछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागी लाग्ने कर रकमको बार्षिक सत प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम अशुल उपर गरिनेछ।

✍(३) व्यवसाय तथा बजार अनुगमनका क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ

| | |
|---|---|
| (क) मुल्यसूचि नराखेमा | पाँच सय रुपैंया |
| (ख) प्रमाणपत्र नराखेमा | पाँच सय रुपैंया |
| (ग) म्याद नाघेका सामाग्री बेचविखन गरेमा | एक हजार रुपैंया |
| (घ) अधिकतम खुद्रा मुल्यभन्दा बढी मुल्यमा सामाग्री बेचबिखन गरेमा | पन्ध्र सय रुपैंया |
| (ङ) प्रदुषित, फोहोर सामाग्री बेच बिखन गरेमा, | सात सय रुपैंया |

(४) उपदफा (३) बमोजिम जरिवाना गरि सके पश्चात कुनै पनि व्यवसायिले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायिहरुलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

✍(५) व्यवसाय दर्ता, नविकरण नगरी संचालन गरेमा कारबाही हुनेछ।

(क) प्रचलित कानुन र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय नगरपालिका क्षेत्रभित्र संचालन गरेको पाइएमा वडा कार्यालय वा कार्यालयले

✍ पहिलो संशोधनबाट संशोधित

सम्बन्धित व्यवसायिलाई पैतिस दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्छ।

(ख) उपदफ (क) बमोजिम व्यवसाय दर्ता गर्नको लागी जनाउ दिएको पैतिस दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा नगरपालिकाबाट प्रबाह हुने सबै किसिमको सेवा सुविधाहरु बन्द गर्न सक्नेछ।

(ग) उपदफा (ख) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि तिन महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायिको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम अशुल उपर गर्नु पर्छ।

## परिच्छेद ४

## विविध

१४. **कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने:** (१) कुनै पेशा, व्यवसाय वा ब्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तब्य सम्बन्धित व्यवसायिको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गइ आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा समाजिक सदाचार कायम राखु पर्छ।

(४) यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायिको हुनेछ।

१५. **बाधा अड्काउ सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगरपालिकालाई हुनेछ।

(२) प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी उपदफा (१) बमोजिमको बाधा फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन।

१६. **संशोधन:** ✍(१) यस नगरपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० को संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी नगरपालिका प्रमुख समक्ष पेश गर्नु पर्छ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयूक्त लागेमा नगरपालिका प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र यो कार्याविधि संशोधन भई कार्यन्वयन हुनेछ।

(३) कुनै विषयमा अस्पष्टता भए,विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

✍ पहिलो संशोधनबाट संशोधित

अनुसुची-१

(दफा ६ उपदफा (१) सँग सम्बन्धित)

**व्यवसाय दर्ता फारम ढाँचा**

मिति ............/....../......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, गमगढी, मुगु ।

**विषय : व्यवसाय दर्ता सम्बन्धमा।**

मैले/हामीले निम्न स्थानमा संचालन गर्न लागेको व्यवसाय दर्ता गर्न आवश्यक कागजात सहित दरखास्त पेश गर्न आएका छु/छौं। नियमानुसार लाग्ने कर बुझाउनुको साथै नगरपालिकाबाट समय समयमा दिइने आदेश / निर्देशन समेत पालना गर्ने मन्जुर छु/छौं। साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठिक साँचो रहेको र फरक परे कानून बमोजिम कारबाही भएमा मन्जुर छु/छौं।

१. **व्यवसायीको नाभ थरः** ..................................................

२. **व्यवसायीको स्थायी ठेगानाः**

जिल्ला ........................... न.पा/गा.पा. .................................... वडा नं.......... टोल .........

३. **व्यवसायीको पिता/पतिको नामथरः** .....................................

४. **व्यवसाय संचालन हुने स्थानः**

जिल्ला ........................... न.पा/गा.पा; .................................... वडा नं.......... टोल .........

५. **सम्पर्क नं. .......................... इमेल.........................**

६. **व्यवसाय रहने जग्गाको जग्गा धनीको नामः** .................................................

७. **जग्गा धनीको ठेगानाः**

जिल्ला ........................... न.पा/गा.पा; .................................... वडा नं.......... टोल .........

८. **व्यवसायको प्रकृतीः** .............................

९. **लगानी पूजी रु.** ..................................

१०. **व्यवसायको नामः** ...............................................................................

११. **अन्यत्र दर्ता भएको भए दर्ता नं.** ................................/कार्यालय ............................. **संलग्न कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ,

(ख) व्यवसाय संचालकको दुई प्रति फोटो,

(ग) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा दश वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात,

(घ) स्थानीय उद्योग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य  व्यवसायका लागी आवश्यकता अनुसार मात्र),

(ङ) चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपि,

(च) व्यवसाय संचालन हुने वा भएको स्थानको दुई प्रति फोटो,

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस।

<u>निवेदक</u>

दस्तखतः

नामः

ठेगानाः

अनुसुची-२

(दपा ७ उपदफा (१) सँग सम्बन्धित)

**<u>व्यवसाय नविकरण फारम ढाँचा</u>**

मिति ............/....../......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, गमगढी, मुगु ।

<u>विषय : **व्यवसाय नविकरण सम्बन्धमा**</u>।

मैले/हामीले निम्न स्थानमा गरेको व्यवसाय नविकरण गर्न आवश्यक कागजात सहित दरखास्त आएका छु/छौं। नियमानुसार लाग्ने कर बुझाउनुको साथै नगरपालिकाबाट समय समयमा दिइने आदेश / निर्देशन समेत पालना गर्ने मन्जुर छु/छौं। साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठिक साँचो रहेको र फरक परे कानून बमोजिम कारबाही भएमा मन्जुर छु/छौं।

१. **व्यवसायीको नाभ थरः** ................................................

२. **व्यवसायीको स्थायी ठेगानाः**
जिल्ला .......................... न.पा/गा.पा. .................................... वडा नं.......... टोल .........

३. **व्यवसायीको पिता/पतिको नामथरः** ....................................

४. **व्यवसाय संचालन हुने स्थानः**
जिल्ला .......................... न.पा/गा.पा; .................................... वडा नं.......... टोल .........

५. **सम्पर्क नं. .......................... इमेल.........................**

६. **व्यवसाय रहने जग्गाको जग्गा धनीको नामः** ................................................

७. **जग्गा धनीको ठेगानाः**
जिल्ला .......................... न.पा/गा.पा; .................................... वडा नं.......... टोल .........

८. **व्यवसायको प्रकृतीः** ............................

९. **लगानी पूजी रु.** ................................

१०. **व्यवसायको नामः** ..........................................................................

११. **तहाँ कार्यालयमा दर्ता भएको भए दर्ता नं** ................................/कार्यालय .....................

**<u>संलग्न कागजातहरु</u>**

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल,

(ख) व्यवसाय संचालकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(ग) चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) व्यवसाय संचालन हुने वा भएको स्थानको दुई प्रति फोटो,

(ङ) स्थानीय उद्योग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागी आवश्यकता अनुसार मात्र),

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस।

<u>निवेदक</u>

दस्तखतः

नामः

ठेगानाः

अनुसुची-३

(दफा ६ उपदफा (३) सँग सम्बन्धित)

छायाँनाथ रारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गमगढी ,मुगु

फोटो

प्रमाणपत्र दर्ता नं.....................                                  दर्ता मिति................./....../......

## व्यवसाय दर्ता प्रमाण पत्र

...........जिल्ला ...........बस्ने तपाइ श्री .....................लाई छायाँनाथ रारा नगरपालिकाको "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" बमोजिम तपाईको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण पत्र जारी गरीएको छ।

व्यवसायको नामः ..........................

व्यवसायीको ना.प्र.न : ......... जारी गर्ने जिल्ला : .............. जारी मिति : ........../...../...... व्यवसाय संचालन भएको वा हुने मितिः .........../....../.......

व्यवसाय रहने स्थानः .................................

बाटोको नामः ............................ घर नं :...... टोल : ..............................

व्यवसाय रहने घर/जग्गाधनीको नामः श्री ............................

व्यवसायको प्रकितः .............................................

पूजी लागनी (रु.मा): ...................................

व्यवसायको वर्गीकरणः ...........................

व्यवसायका कारोबारहरुः ......................................................................................................

१. व्यवसायीले प्रत्येक आर्थिक वर्षको लागी तोकिएको व्यवसाय कर उक्त आ.व. को असोज महिना भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नु पर्छ। नगरपालिकाको स्थलगत रुपमा व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यसायको कार्य स्थलमै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ।

२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्नु परेमा वडा कार्यालयको सिफारिसमा नगरपालिकाबाट पुर्व स्वीकृती लिनु पर्छ।

३. व्यवसाय बन्द गर्नु परेमा व्यवसायिले नगरपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर इकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनु पर्छ। अन्यथा व्यवसाय चालु नै मानी सालवसाली रुपमा कर लाग्नेछ।

४. यो प्रमाण पत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राख्नु पर्छ। यस्तो प्रमाणपत्र नगरपालिकाको कर्मचारीले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्छ।

५. व्यवसायिक गतिविधि संचालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाईने छैन। यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेज समेत गर्न सकिनेछ।

६. व्यवसायबाट उत्पादन हुने फाहोर मैला उचित व्यवस्थापन गर्ने दायित्व सम्बन्धित व्यवसायिको हुनेछ।

७. व्यवसाय संचालनको सिलसिलामा नगरपालिकाबाट समय समयमा दिईने निर्देशनको पालना गर्नु व्यवसायिकको कर्तव्य हुनेछ।

८. उल्लित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसुकै बखतमा यो प्रमाणपत्र रद्ध गरी व्यवसाय बन्दको कारबाही समेत गर्न सक्नेछ।

९. यो प्रमाणपत्र नगरपालिकाको स्थानिय कर प्रयोजनको लागि जारी गरिएको हो। कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमती लिएर मात्र संचालन गर्नु पर्ने भएमा सो समेत लिएर सो समेत लिएर मात्र संचालनमा गर्नु पर्नेछ।

| क्र सं | आर्थिक वर्ष | नविकरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं | रसिदको मिति | नवीकरण गर्ने कर्मचारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत